**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईँ**

**<u>फैसला</u>**

२०७७/०७८ सालको निर्णय नं.४३

पुनरावेदन नं. : ०७६-RB-००१३

पुनरावेदन दर्ता मिति २०७६।०४।२३

जिल्ला भक्तपुर, मध्यपुर थिमी नगरपालिका वडा नं. १५ कौशलटार स्थित क्षमादेवी बिल्डिङ्ग मेटेरियल्स प्रा.लि को अख्तियारी प्राप्त संचालक निरन्जन कृष्ण श्रेष्ठ ................................................१ **<u>पुनरावेदक</u>**

<u>विरूद्ध</u>

श्री मूल्यांङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौं .............................................. १

सुख्खा वन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा .........................................................१ **<u>प्रत्यर्थी</u>**

**<u>मुद्दाः बढि भंसार मुल्याङ्कन (M६४७४)</u>**

**उपस्थित कानून व्यवसायीहरुः**

पुनरावेदकका तर्फबाटः बिद्वान अधिवक्ता श्री नारायण नेपाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटी

**शुरु निर्णय गर्ने कार्यालय र मितिः**

शुरु निर्णय गर्ने कार्यालयः सुख्खा वन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा

शुरु निर्णय मितिः २०७४/१२/१९

**मूल्य पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारीः**

निर्णय गर्ने कार्यालयः मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौं।

निर्णय मितिः २०७६/०१/२२

मुल्याङ्कन पुनरावलोकन समिति त्रिपेरेश्वर, काठमाडौंबाट भएको मिति २०७६/०१/२२ को निर्णय उपर चित्त नबुझी भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम ऐनको म्याद भित्र राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र भन्सार ऐन २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै सुनुवाईका लागि आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

## संक्षिप्त तथ्य

१. पैठारीकर्ता श्री Kshamadevi Building Material (Pvt.) Ltd. (PAN 600324478) ले CHINA बाट तारिख 19/02/2018 मा बिजक संख्या MC32018-004 बाट पैठारी गरी ल्याएको UPVC PROFILE GRADE H को भन्सार मूल्य निर्धारण गर्नका लागि सुख्खा वन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सामा मिति २०७४/१२/१९ मा आवश्यक कागजातहरु संलग्न गरी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ३ बमोजिम कारोबार मूल्य घोषणा गरी निबेदन पेश गरेको। बिजकमा उल्लेखित मालबस्तुको घोषित मूल्य अन्य पैठारीकर्ताले घोषणा गरेको Asycuda Database तथा अन्य सूचना प्रणाली तथा लोकल मूल्य भन्दा कम मूल्यमा पैठारीकर्ताले घोषणा गरेको सो मूल्य शंकास्पद देखिएको हुँदा सोही दफाको उपदफा ६ वमोजिम निजले घोषणा गरेको मूल्य नै वास्तविक कारोबार मूल्य हो भनी प्रमाणित गर्ने अन्य थप कागजात तथा प्रमाणहरु पेश गर्न सुख्खा वन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साबाट च.नं. १७८२ बाट मिति २०७४।१२।१९ मा पत्राचार गरिएको देखिन्छ।

२. पुनरावेदकले LC NO-18ILC0096 तारिख 31.02.2018 अन्तर्गत पैठारी गरेको UPVC PROFILE GRADE H को विजक मूल्य वास्तविक कारोबार मूल्य हो। हामीले अन्तराष्ट्रिय बजारभाउ अनुसार उत्पादनकर्ताबाट सोझै एल.सी. खोली पैठारी गरेकोले हामीले पेश गरेको विजक मूल्य वास्तविक कारोबार मूल्य भएकोले विजक मूल्यलाई मान्यता दिनुहुन अनुरोध गर्दछौं भन्ने समेत वेहोराको पैठारिकर्ता Kshamadevi Building Material (Pvt.) Ltd. को तर्फबाट सुख्खा वन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सामा मिति २०७४/१२/१९ मा पेश गरेको जवाफ।

३. पैठारीकर्ताले घोषणा गरेको मूल्यलाई बास्तविक मूल्य मान्न सकिने र सो मूल्यको सत्यता पुष्टी हुन सकेको अवस्था नभएको हुँदा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा २ बमोजिम भन्सार मूल्य निर्धारण गर्न सकिएन। मूल्यांकनका लागि प्राप्त भएको मालबस्तु जस्तै चारित्रिक गुण भएको UPVC PROFILE GRADE H चाईना तथा अन्य देशबाट पैठारी हुँदा प्रति मे.टन १५००/०० अमेरिकी डलरको दरले मुल्य कायम भएको यसै कार्यालयको अभिलेखबाट देखिँदा भन्सार ऐन, २०६४ को दफा १३ बमोजिम क्रमशः अवलम्बन गर्नु पर्ने सोही ऐनको १३(९)वमोजिम यस अघि नेपालमा आयात भएको मालबस्तुसँग मिल्दोजुल्दो मालबस्तु (Similar Goods) को कारोबार मूल्यको आधारमा हेर्दा यसमा बिजक मा उल्लेखित मालबस्तुको प्रति इकाई मूल्य USD १६००.००(मे.टन) कायम गरी बिजकको मूल्य CRF USD २२७६३.०० मा बृद्धि भएको मूल्य CRF USD १५१७५।२६ जोडी जम्मा बिजकको मूल्य CRF USD ३७९३८.२६ मा भाडा रु.११६००।-, बिमा रु.५,३९६/- र अन्य खर्च रु. २०,०००।- समावेश गरी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ बमोजिम भन्सार मूल्य निर्धारण गरी सोही दफाको उपदफा १५(क) वमोजिम मालबस्तु जाँचपास हुने गरी सुख्खा वन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साबाट मिति २०७४/१२/१९ मा भएको निर्णय।

४. सुख्खा वन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्साले मिति २०७४/१२/१९ मा गरेको भन्सार मूल्य निर्धारणमा चित्त नबुझाई पैठारीकर्ता Kshamadevi Building Material (Pvt.) Ltd. ले मूल्याङ्कन

पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौं समक्ष मिति २०७५।०१।०६ मा मूल्य पुनरावलोकनका लागि पेश गरेको निवेदन।

५. पैठारीकर्ताले भन्सार कार्यालयमा पेश गरेको कागजात तथा जानकारीबाट सन्तुष्ट हुन नसकी भन्सार ऐन,२०६४ को दफा १३ को उपदफा २ वमोजिम भन्सार मूल्य कायम हुन नसकेको, तत्पश्चात प्राप्त प्रमाण र सूचनाहरुको आधारमा सोही ऐनको दफा १३ का उपदफाहरु ८,९,१०,११ र १२ क्रमशः अवलम्बन गरी मूल्य निर्धारणा गर्ने सिलसिलामा यस्तै प्रकृतिका मालबस्तु सोही भन्सार कार्यालयबाट जाँचपास गर्दा कायम भएको कारोबार मूल्य समेतको आधारमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ वमोजिम मूल्य कायम गर्नुपर्ने देखिएको भनी भन्सार कार्यालयले क्षमादेवी विल्डिङ्ग मेटरियल, भक्तपुरले मिति २०७५/०३/२८ मा घोषणा गरेको मूल्यमा वृद्धि गरी कारोवार मूल्य कायम गरेको देखिन्छ। ASYCUDA अभिलेख समेतको आधारमा पैठारीकर्ताको तर्फबाट पेश हुन आएका थप कागजात तथा प्रमाणहरुबाट घोषित मूल्य वास्तविक मूल्य हो भन्न सकिने अवस्था देखिएन। ASYCUDA अभिलेख अनुसार सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट यस्तै सामान ता. ०५.०३.२०१८ मा प्र.द.नं. ४०२१ मा USD १.५ प्रति के.जी. मा पैठारी हुन आएको देखिएको अवस्था हुदाँ पैठारीकर्ताले पेश गरेको कागजातबाट मात्र निजको बिल मूल्यलाई यथार्थ मान्न सकिने अवस्था नरहेकोले सुक्खा बन्दरगाह भन्सार कार्यालयले उपयुक्त प्रमाण र आधारमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ बमोजिम कायम गरेको मूल्य USD १.५ प्रति के.जी. भन्सार ऐन, नियमावली तथा मूल्याङ्कन निर्देशिका बमोजिम कानून सम्मत नै देखिँदा सदर हुने ठहर्छ भनी मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७६।०१।२२ मा निर्णय भएको।

६. पुनरावेदक पैठारीकर्ताले Shanghai Conch Profiles Co. Ltd. China बाट USD ०.९ प्रति के.जी. का दरले २५९२.1 KG, UPVC PROFILE (LC No 18ILC0096) पैठारी गरेको हुँ। जसको कुल मूल्य USD २७७६३ हुन आउँछ। उक्त UPVC PROFILE को मूल्य मैले पेश गरेको Performa Invoice, Commercial Invoice तथा बैंकको प्रतित पत्र (LC) समेतका कागजातले स्पष्ट छ। सोही रकम भंसार ऐन २०६४ को दफा १३ को उपदफा ३ को प्रयोजनको लागि कारोबार मूल्य घोषणा गरेको छु। माथि उल्लेख गरे बमोजिमको कागजात पेश गरी कारोबार मूल्य घोषणा गरेको अवस्थामा सो कारोबार मूल्यलाई मान्यता दिनु नपर्ने कारण के हो, प्रत्यर्थीहरुको निर्णयमा खुल्दैन। भंसार ऐन, २०६४ को दफा १३(९) मा उल्लेखित कानूनी व्यवस्था पुनरावेदकको हकमा लागु हुनुपर्ने होइन, पैठारी भएको सामानको Performa Invoice, Commercial Invoice तथा बैंकको प्रतितपत्र समेतका कागजातहरु पेश गरेकै छु, मुल्याङ्कन पुनरावलोकन समितिले निर्णय गर्दा भंसार ऐन, २०६४ को दफा ६१(५) बमोजिम स्पष्ट कारण र आधार खुलाउनु पर्नेमा त्यस्तो आधार र कारण खुलाउन नसकेको निर्णय अन्तर्राष्ट्रिय व्यापारका नियम तथा रीति समेत विपरीत भएको हुँदा त्रुटिपूर्ण भई बदर भागी छ। पुनरावेदकले घोषणा गरेको कारोबार मूल्यलाई मान्यता नदिई सोमा बृद्धि गरी भंसार महसुल, अतिरिक्त महशुल तथा मु.अ.क. गरी जम्मा रु. ६,०७,८९४।०० थप असुल गर्ने गरी भएको निर्णय त्रुटीपूर्ण

भई बदर भागी हुँदा बदर गरी पाउँ भन्नेसमेत बेहोराको पुनरावेदकका तर्फबाट यस न्यायाधिकरणमा मिति२०७६।०४।२३ मा पेश भएको पुनरावेदन पत्र ।

७. मुलुकी फौजदारी कार्याविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।१०।२४ मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्र एवं सम्पूर्ण कागजात अध्ययन गर्दा पुनरावेदकतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नारायण नेपालले विल्डिङ्ग छाना छाउनको लागि प्रयोग गर्ने मालबस्तु हो । उक्त सामान चिनबाट आयात गरी विभिन्न भन्सार कार्यालयबाट पैठारी गर्ने गरिन्छ । यसरी आयात गरिने मालबस्तुको मुल्य London Metal Exchange ले निर्धारण गरेको मूल्यका आधारमा विश्व बजारमा मूल्य कायम हुने गर्दछ । भन्सार ऐन, ०६४ को दफा १३ मा पनि विजक मूल्यलाई मान्यता दिनुपर्ने भनी उल्लेख गरिएकोमा ASYCUDA डाटाबेसबाट घोषित मूल्यको सत्यता नरहने, विजक मूल्यलाई अन्यथा प्रमाणित नगरेसम्म विजक मूल्यलाई कायम नगरिकन थप मूल्य निर्धारण गर्न मिल्दैन भनी फैसला समेत गरिएको पाइन्छ । भन्सार विन्दुमा पेश गरेको कागजातलाई अन्यथा प्रमाणित नगरी फरक मूल्य कामय गरी भन्सार कार्यालयबाट गरेको निर्णय बदरभागी छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

९. विपक्षी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बास्ताकोटीले २०७४ चैत्र देखि २०७५ फागुनसम्म निर्यात गरिएको सामानको विषयमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ९ मा साइजको आधारमा Asycuda प्रणाली नमिलेको भनी उठान गरिएतापनि Asycuda प्रणालीबाट नै यसको साइज हेरेर मूल्य निर्धारण गर्ने गरिन्छ जुन अन्तर्राष्ट्रिय सिद्धान्त अनुसार मिलेको छ, छैन हेरिन्छ । London Metal Exchange का आधारमा मूल्य निर्धारण हुने कहि कत्तै व्यवस्था नभएकोले Asycuda डाटाबेशबाट नै मूल्य निर्धारण गर्ने गरी शुरु कार्यालयबाट गरेको निर्णय सदर हुनुपर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

१०. उपर्युक्त बहस समेत सुनि मिसिल अध्ययन गरी प्रस्तुत शुरु निर्णय मिलेको छ, छैन ? र पुनरावेदन जिकिर अनुसार हुने हो, होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

११. निर्णय तर्फ विचार गर्दा पुनरावेदक क्षमादेवी विल्डिङ्ग मेटेरियल्स प्रा.लि.ले प्रज्ञापन पत्र नं. M६४७४ बाट पैठारी गरेको मालबस्तु भन्सार ऐन २०६४ को दफा १३ को उपदफा ३ बमोजिम प्रति के.जी.यु.एस डलर ०.९ रहेको भनि भन्सार मूल्य निर्धारण गर्न पेश गरेको विजक मूल्यका

सम्बन्धमा Asycuda डाटाबेस लगायत अन्य प्रणालीबाट प्राप्त सूचना मूल्य भन्दा फरक परेको, पैठारीकर्ताले पेश गरेका कागजात तथा प्रमाणहरु Asycuda डाटाबेस समेतको आधारमा घोषित मूल्य बास्तविक मूल्य हो भन्न सकिने आधार समेत नदेखिएको भनि उक्त पैठारी भएको मालबस्तु ऐ. ऐनको दफा १३ को उपदफा ९ बमोजिम प्रति के.जी. अमेरिकी डलर १.५ मूल्य निर्धारण गर्ने गरी मूल्यांकन पुनरावलोकन समितिबाट निर्णय भएको देखियो ।

१२. पुनरावेदक पैठारीकर्ताले सुख्खा बन्दरगाह भन्सार कार्यालय सिर्सियाबाट प्रज्ञापनपत्र नं. M६४७४ मार्फत विल्डिङ्ग मेटिरियल्स मालबस्तु पैठारी गरिएको देखिंदा उक्त मालबस्तु पैठारी गर्दा पैठारीकर्ताले भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा ३ बमोजिम मालबस्तुको मूल्य निर्धारण गर्ने पेश गरेको विजक मूल्य Asycuda Database लगायत अन्य प्रणालीबाट प्राप्त सूचना मूल्य भन्दा न्यून देखिएकोले सोही दफाको उपदफा ६ बमोजिम उक्त मालबस्तुको मूल्य पुष्टि गर्ने थप कागजात तथा प्रमाणहरु माग भएकोमा तथ्यपूर्ण र विश्वसनीय प्रमाण कागजात पेश गर्न सकेको देखिएन भने यस्तै मालवस्तु आयात भएको Asycuda अभिलेख समेतको आधारमा घोषित मूल्य बास्तविक मूल्य हो भन्न सकिने पुष्ट्याई मिसिल संलग्न कागजातबाट देखिएन ।

१३. यसरी पैठारीकर्ताले पैठारी गरेको मालबस्तु Asycuda Database मा उपलब्ध मूल्य भन्दा न्यून मूल्यमा पैठारी हुन आएकोले Asycuda Database समेतलाई आधार लिएर भन्सार ऐन २०६४ को दफा १३ को उपदफा ९ बमोजिम मालबस्तुको कारोबार मूल्यको निर्धारण गर्दा विश्व व्यापार सम्बन्धी सामान्य सम्झौता १९९४ को धारा ७ मा भएको प्रावधान अनुसार नै निर्धारण गरी Asycuda Database अनुसार उक्त सामान USD १.५० प्रति के.जि. मा आयात भएको देखिएको भनी भन्सार ऐन २०६४ को दफा १३ को उपदफा ९ बमोजिम कायम गरेको उक्त मालबस्तुको मूल्य USD १.५० प्रति के.जि.लाई अन्यथा भन्न सकिने आधार र प्रमाण देखिएन। ।

१४. माथि उल्लेखित आधार र कारणबाट पुनरावेदक पैठारीकर्ता क्षमादेवी विल्डिङ्ग मेटेरियल्स प्रा.लि.ले प्र.द.नं.M६४७४ बाट आयात गरेको UPVC Profiles Grade H को भन्सार मूल्य निर्धारण गर्ने गरी मूल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७६/०१/२२ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसिल बमोजिम गर्नु ।

## <u>तपसिल</u>

➢ प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिलको कार्यालयलाई दिनु.........................................................................................१

- सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु..............................................................................................................२
- प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु.....................................................................३

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

उक्त रायमा हामी सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

विनोद शर्मा
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नेः-

शाखा अधिकृतः सनिता लामा

टिपोट गर्ने डिठ्ठाः मनोज फुयाँल

इति सम्वत् २०७७ साल पुष महिना  २७ गते रोज २ शुभम् ........................................................